सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ११३ ♦ २०८० साल पुस २८ गते शनिवार ♦ 13 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेस प्रदेश : मुख्यमन्त्री यादवको एक वर्ष पुरा खासै केहि उपलब्धी नभएको टिप्पणी

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**

मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव मुख्यमन्त्रीमा भएको एक वर्ष पुरा भएको छ। आजकै दिन २७ पुस २०७९ मा जसपा संसदीय दलका नेता सरोजकुमार यादव मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए ।

मुख्यमन्त्री यादव नेतृत्वको सरकारले एक वर्ष पुरा गरेपनि खासै केहि उपलब्धी मुलक कार्य यस प्रदेशमा केहि नभएको टिप्पणी गरिएको छ।



यस एक वर्षमा सुशासन कायम, नयाँ कानुन वा उल्लेख्य कुनै काम गर्‍यौं भन्न सक्ने अवस्थामा मधेश प्रदेश सरकार नरहेको राजनीतिक विश्लेषकहरु बताउँछन् ।

यद्यपि मधेश सरकारले आफ्नो एक वर्षको उपलब्धि यहि माघ ३ गते सार्वजनिक गर्ने तयारी गरेको छ।

मुख्यमन्त्री यादवले माघ ३ गते जनकपुरधाम स्थित महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा सबै पक्षलाई बोलाएर एक वर्षको अवधिमा सरकारले गरेको कामकाज बारे सार्वजनिक गर्ने बताएका छन् ।

मुख्यमन्त्री यादवले यस अवधिमा मन्त्रालय फुटाउने, समायोजन र मन्त्रिमण्डल पुनर्गठन जस्ता काम चाही गरेका छन् । उनले अघिल्लो कार्यकालमा रहेका १० वटा मन्त्रालयलाई गठबन्धन दलबीच भागबन्डा मिलाउन ११ वटा मन्त्रालय बनाएको छ ।

मन्त्रालय फुटाउँदै र नाम परिवर्तन गर्दै जाँदा २०८० असोज तेस्रो सातासम्म सातपटक मन्त्रिमण्डल पुनर्गठन तथा मन्त्रालय विभाजन गर्ने काम मुख्यमन्त्री यादवले गरे । असोज तेस्रो साता मुख्यमन्त्री यादवले अन्तिम पटक जनमतको भागमा रहेको शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर शिक्षा तथा संस्कृति र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाएका छन् ।

त्यसपछि विना विभागीय मन्त्री रहेकी आङ्ग नै पार्टी जसपाकी सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्री र जनमतकै साविक मन्त्रालय सम्हालेका महेशप्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रीको जिम्मेवारी दिए ।

प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका नेता सरोजकुमार यादव सरकारको एक वर्षको उपलब्धि शून्य भएको तर्क गर्छन् । यादवले भने, 'कुनै एउटा काम गर्‍यो भनेर भन्न सक्ने स्थिति छैन । जस्तो सदनमा त्यस्तै बाहिर।'

चालु आर्थिक वर्ष २०८०-८१ का दुई त्रैमासिक बित्न लाग्दा समेत कुनै पनि मन्त्रालय वा मातहत निकायले विकासको कामलाई गति दिनसकेको छैन ।

चालु आर्थिक वर्षको ६ महिना बित्न लाग्दा कुल बजेटको झण्डै ६ प्रतिशत बजेट मात्रै खर्च भएको छ । जसमा विकासे बजेटको खर्च ४ प्रतिशत बढी

*बाँकी पृष्ठ २ मा*

## महोत्तरीमा लाखौंको धनमाल लुटपाट

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**

महोत्तरीको दक्षिणवर्ती मनरा शिसवा नगरपालिका७ झिंङगाथान पछबारी टोलबाट लाखौंको धनमाल लुटपाट भएको छ। लुटेरा समूहको कुटपिटबाट घरका दुईजना महिला घाइते भएका छन् । बिहीबार राति घरेलु हतियारसहित पाँच जनाको सख्यामा आएका नकाबधारी समूहले बैजु साहको घरमा लुटपाट गरेको हो ।

समूहले घरका दुई जना महिला र चार जना केटाकेटीलाई कोठाभित्र थुनेर लुटपाट गरेको पीडितका नातेदार रैजु साहले बताए। आठ-नौ तोला बराबर का सुन चाँदीका गहना, नगद ५० हजार गरी करिब १० लाखभन्दा बढीको धनमाल लुटेको पीडितले जनाएका छन् । परिवारका तीन दाजुभाइ लामो समयदेखि वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा गएकाले महिला र नाबालक मात्र रहेको मौका पारी लुटपाट गरेको पीडित परिवारले बताए ।



हिन्दी भाषा बोल्ने लुटेरा समूहको कुरा गराइले उनीहरु निकटवर्ती गाउँकै बासिन्दा हुन सक्ने पीडित परिवारको अनुमान छ । मनरा शिसवाका नगरप्रमुख मोहन पाण्डेले राति घटेको लुटपाटको घटनाले नगर क्षेत्रको सुरक्षामा प्रश्न खडा गरेको बताए। जिल्ला प्रहरी अपराध अनुसन्धान शाखाका प्रहरी निरीक्षक लोककृष्ण दाहालले घटनास्थलमा प्रहरी परिचालन गरी अनुसन्धान भइरहेको बताए।

## माघ ११ गते मधेश प्रदेश बन्द गरिने

प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले माघ ११ गते मधेश प्रदेश बन्द गर्ने निर्णय गरेको छ ।

रौतहटको चन्द्रनिगाहपुरमा बिहीबार बसेको आजपाको मधेश प्रदेशको पदाधिकारिको विस्तारीत बैठकले बैंकहरुको मनोमानी ब्याज फिर्ताको माग गर्दै आगामी माघ ११ गते मधेस बन्द गर्ने निर्णय गरेको छ ।

बैंकहरुले लिइरहेको मनोमानी ब्याज फिर्ता, लघुवित्तीय तथा सहकारीहरुको सम्पूर्ण ऋण मिनाहा तथा आम जनतालाई सहज कार्जा दिलाउन माग ११ गते मधेश बन्द गर्ने निर्णय गरेको मधेस प्रदेश अध्यक्ष उमेश कुशवाहाले बताए ।

उनका अनुसार बैंकको मनोमानीविरुद्ध माघ १० गते आजपाले मधेश प्रदेसको प्रत्येक जिल्लामा मसाल जुलुस गर्ने छ । बैंकहरुले लिनेगरेको बढी ब्याज फिर्ता र लघुवित्त सहकारीको सम्पूर्ण ऋण मिनाहा गर्नुपर्ने माग राखेर आमजनता पार्टीले विभिन्न कार्यक्रम गर्दै आएको छ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मधेस प्रदेश : मुख्यमन्त्री यादवको एक वर्ष.........

छैन ।

मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयले मंगलबार उपलब्ध गराएको चालु आर्थिक वर्षको खर्च तथ्यांक अनुसार ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार कुल बजेट छ। जसमा हालसम्म २ अर्ब ६१ करोड ६७ लाख २५ हजार ९८५ रुपैयाँ अर्थात् ५.९३ प्रतिशत मात्रै खर्च हुनसकेको छ ।

पूँजीगत खर्च अर्थात् विकास बजेट २५ अर्ब ५३ करोड ९६ लाख ९४ हजार रुपैयाँ रहेकोमा एक अर्ब रुपैयाँ पनि खर्च गर्न सकेको छैन । ८८ करोड ३५ लाख ८ हजार ८५ रुपैयाँ खर्च अर्थात् ३.४५ प्रतिशत मात्र खर्च भएको लेखा नियन्त्रक कार्यालयका प्रमुख वीरेन्द्र मिश्रले बताए ।

चालुतर्फ १८ अर्ब ५७ करोड ४९ लाख ३८ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा १ अर्ब ७३ करोड ३२ लाख १७ हजार ८९९ रुपैयाँ अर्थात् ९.३४ प्रतिशत बजेट खर्च भएको लेखा नियन्त्रण कार्यालयले जनाएको छ । चालुतर्फको बजेटमा कार्यालय व्यवस्थापन तथा पदाधिकारी एवं कर्मचारीको तलब भत्तामै खर्च भएको हो ।

समयमा खर्च नहुँदा गत आर्थिक वर्ष २०७९-८० मा ४२.५८ प्रतिशत रकम फ्रिज भएको थियो । गत आर्थिक वर्षमा ४७ अर्ब २ करोड ५० लाख ५२ हजार ११७ रुपैयाँ कुल बजेट रहेको थियो । जसमा २७ अर्ब ३३ लाख १२ हजार ८८८ रुपैयाँ ५२ पैसा मात्र खर्च भएको थियो ।

आर्थिक वर्ष २०७८-७९ मा त आधा बजेट नै फ्रिज भएको थियो । त्यस आर्थिक वर्षमा ३४ अर्ब ८८ करोड ९८ लाख १० हजार बजेटमध्ये १७ अर्ब ७६ करोड ३६ लाख ७५ हजार ७४९ रुपैयाँ मात्र खर्च भएको थियो ।

त्यसैगरी सदनभित्र पनि सरकार गतिहीन छ । बिजनेस दिन नसक्दा मधेश प्रदेश सभाबाट खासै नीति तथ कानुनहरू बन्न सकेका छैनन् ।

प्रदेश सभा सचिवालयका अनुसार एक वर्षमा पहिलो अधिवेशनमा ३६ वटा बैठक बसेको थियो भने दोस्रो अधिवेशन ११ वटा बैठक बसेर हाल स्थगित छ ।

प्रदेश सभा सचिवालयका प्रवक्ता अरुणकुमार झाका अनुसार यो अवधिमा प्रदेश सभामा जम्मा ९ वटा विधेयक पेश भएका छन् । जसमध्ये मधेश प्रदेशको केही ऐन संशोधन गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८० र मधेश प्रदेश विनियोजन विधेयक २०८० मात्रै पारित भएको छ । आर्थिक र विनियोजन विधेयकलाई छुट्टै कानुनका रूपमा गणना गर्ने चलन छैन । यी दुई विधेयक वर्षेनि बजेट तथा राजस्व निर्धारण गर्नेसँग सम्बन्धित छन् ।

अर्को पास भएको विधेयक पनि केही ऐन संशोधन गर्न बनेको विधेयक पास भएको हो । त्यो पनि साविक प्रदेश नं. २ उल्लेख भएका ऐनहरूमा 'मधेश प्रदेश' उल्लेख गर्नका लागि पारित गरिएको हो ।

यसरी हेर्दा दोस्रो कार्यकालमा प्रदेश सभाले आर्थिक वर्ष २०८०-८१ को नीति तथा कार्यक्रम र बजेट पास गरे बाहेक खासै केहि गरेका देखिदैन ।

यो अवधिमा प्रदेश सभामा टेबल भएका ६ वटा विधेयक प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बाल अधिकार ऐन २०७९ को पहिलो संशोधन विधेयक छन् ।

त्यस्तै मधेश प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश कृषि विकास विधेयक २०८० र स्थानीय सेवाको गठन, सञ्चालन र सेवा शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० छन् । यी विधेयकहरू विशेष समितिहरूमा छलफलकै क्रममा छन् ।

सरकारले बिजनेस नदिंदा प्रदेश सभाले अपेक्षित काम गर्न नसकेको सभामुख रामचन्द्र मण्डलको तर्क छ । 'प्रदेश सभालाई बिजनेस चाहियो, बिजनेसको अभाव छ', सभामुख मण्डल भन्छन् ।

मुख्यमन्त्री पदभार ग्रहण गरेको बखत प्रदेशको कुनै पनि कार्यालयमा भ्रष्टचार हुन नदिने प्रतिबद्धता जनाएका थिए । तर उनको आङ्म नै पार्टी जनता समाजवादी पार्टीका अर्थमन्त्री सञ्जयकुमार यादवमाथि झण्डै साढे ३ अर्ब रुपैयाँ कानुन मिचेर रकमान्तर गरी योजना बाँडेको आरोप लागेको छ ।

यसमा उद्योग तथा पर्यटन मन्त्री सुनिता यादव समेत जोडिएको छ। मन्त्री यादवको निजी सचिवालयका स्वकीय सचिवले हस्ताक्षर गरेको पत्रको आधार मै अर्थ मन्त्रालयले ४२ करोड ६० लाख १० हजार रुपैयाँ रकमान्तर गरिदिएको बताइएको छ ।

आर्थिक वर्ष २०७९-८० मै उनले असार मसान्तमा अर्थ मन्त्रालयले गैरकानुनी रूपमा रकमान्तर गरी कानुन विपरीत योजना बनाएर वितरण गरेको भन्दै प्रमुख प्रतिपक्षी नेकपा एमालेले पटक(पटक सदन अवरुद्ध गर्दै छानबिनको माग गरेको थियो ।

जसका लागि २६ असारमा मधेश प्रदेश सभाले उपसभामुख बबिताकुमारी राउत इसरको नेतृत्वमा १० सदस्य छानबिन समिति गठन गरेको थियो। पछि उपसभामुखले राजीनामा दिएपछि लोसपाका सांसद उपेन्द्र महतोलाई सभापति बनाइयो । काम थालेको दुई महिनाभित्र बुझाउनुपर्ने प्रतिवेदन समितिले अझैसम्म बुझाएको छैन ।

यसरी ठूलो मात्रामा अनियमित रकमान्तरको आरोप लागेका दुवै मन्त्रीलाई विशेष छानबिन समितिले गत आइतबार बैठकमै बोलाएर मौखिक बयान लिएको छ । दुवै मन्त्रीलाई लिखित रूपमा बयान पेश गर्न पनि समितिले निर्देशन दिएको सभापति उपेन्द्र महतोले जानकारी दिए ।

उनका अनुसार माघ ३ गतेसम्म दुवै जना मन्त्रीले लिखित बयान बुझाएपछि ४ गते समितिको बैठक बस्नेछ । त्यसपछि कहिले प्रतिवेदन प्रदेश सभामा पेश गर्ने छलफल हुने सभापति महतोले बताए ।

यस सन्दर्भमा मुख्यमन्त्री यादवले अनियमितता भएको कुरा प्रमाणित भएर सदनमा समितिको प्रतिवेदन पेश भएपछि मात्र अनियमितता भएको मान्न सकिने बताउँछन् ।

आरोप लागेका अर्थमन्त्री सञ्जयकुमार यादवले भने आफूले कानुन बमोजिम नै रकमान्तर गरेको दावी गर्दै आएका छन् ।

त्यसैगरी मुख्यमन्त्री यादवले चालु आर्थिक वर्षमा विकास खर्च हुन नसक्नुको कारण प्रत्येक जिल्लाहरूमा पूर्वाधार तथा यातायात कार्यालय व्यवस्थापन गर्न लागेकोले बताउँछन् । उनले भने, 'बजेट खर्च त विकास भएपछि हुन्छ । प्रत्येक जिल्लामा पूर्वाधार कार्यालय, यातायात कार्यालय स्थापना तथा व्यवस्थापन गर्‍यौं । कर्मचारीको पनि कमि छ', उनले भने, 'हरेक जिल्लामा बजेट पुगिसकेको छ । माघ १२ देखि तिब्रगतिमा काम अघि बढ्छ । दुई महिना भित्र ६० प्रतिशत भन्दा बढी खर्च हुन्छ ।'


जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरू समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

**रामगोपालपुर नगरपालिका**

**महोत्तरी**


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**वृष**- अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भगवान रामको प्राण प्रतिष्ठाको अवसरमा दिपावली मनाउन आग्रह




**खबर दर्पण समाचारदाता**
**पुस २७ गते, महेन्द्रनगर**

हिन्दु स्वयं सेवक संघले भारतको अयोध्यामा नवनीर्मित मन्दिरमा भगवान रामको प्रतिमाको प्राण प्रतिष्ठाको अवसरमा जनकपुरधाम सहित देशभरीमा दीप प्रज्वलन गरी दिपावली मनाउन आग्रह गरिएको छ ।

संघको आयोजनामा जनकपुरधाममा आयोजित धार्मिक संघ संस्था सदभाव बैठकमा प्राण प्रतिष्ठा हुने दिन जनकपुर धामवासीलाई घर घरमा दीप बालेर दिपावली मनाउन आग्रह गरिएको हो । सयौं वर्षको लामोको प्रतिक्षा पछि भगवान रामको मन्दिर निर्माण भएकाले सो को खुशियालीमा सरिक हुन सबैलाई अपिल समेत गरिएको हो ।

कार्यक्रममा सहभागी जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले राम मन्दिर निर्माण भएको र सो मन्दिरमा भगवान रामको प्रतिमाको प्राण प्रतिष्ठा कार्यक्रमको अवसर पारेर जानकी मन्दिरले सप्ताहव्यापी कार्यक्रम गर्न लागेको जानकारी दिए । उनले यसका साथै सीताराम नाम किर्तनको समेत आयोजनागर्न लागिएको बताए । महन्थ दासले त्यो दिन दिपावली मनाउनका साथै घर घरमा सीताराम नामको भजन गर्न समेत आग्रह गरे ।

संघको विभाग संघचालक पवन ठाकुरको अध्यक्षतामा भएको सो सदभाव बैठकमा प्रमुख अतिथि राष्ट्र सह संघचालक कल्याण तिमिल्सिना, गुठी संस्थान कार्यालय जनकपुरधामका प्रमुख आनन्द प्रसाद कर्माचार्य, नेपाल बार एसोसिएसन जनकपुर धामका अध्यक्ष बलराम सुवेदी, प्रदीप शर्मा, मोहन साह हिन्दु लगायतको उपस्थिति रहेको थियो ।

# होटलको आडमा हुने यौन विकृति बन्द गरिने



**खबर दर्पण समाचारदाता**
**पुस २७ गते, महेन्द्रनगर**

होटल तथा गेष्ट हाउसको आडमा हुने गरेको यौन विकृति रोक्न धनुषाको मिथिला नगर पालिकाले कडा कदम चाल्ने भएको छ ।

होटलमा महिला कामदार राख्ने तथा गेष्ट हाउसमा कोठा उपलब्ध गराएर यौन व्यवसाय सञ्चालन हुने गरेको जनगुनासो बढेपछि नगरपालिकाले त्यसलाई नियन्त्रण गर्न कडा कदम चाल्न लागेको हो ।

नगरस्तरीय सुरक्षा संयन्त्रको बसेको बैठकले होटल, गेष्टहाउस र डान्सबारको आडमा अवैध यौनजन्य गतिविधिलाई नियन्त्रण गर्ने निर्णय भएको मिथिला नगर पालिकाका नगरप्रमुख महेन्द्र महतोले बताए ।

उहाँले अनुगमन गरी विकृतिजन्य क्रियाकलाप सञ्चालनमा सक्रिय रहेको पाइएमा त्यस्ता होटल तथा गेष्ट हाउसलाई कानुनअनुसारको कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने निर्णय भएको उहाँले जानकारी दिए।

उहाँले होटल खोलेर यौन विकृति फैलाउन व्यवसायीसँगै विकृति फैलाउने गरी होटललाई भाडा दिने घरधनीलाई पनि कारवाही गरिने बताए।

नगर क्षेत्रमा यौन विकृति बढेको भन्दै त्यसलाई निर्मूल पार्न स्थानीयले बुधबार नगरप्रमुख, इलाका प्रहरी कार्यालय र वडा कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

यौन विकृतिले गाउँ समाजमा नराम्रो असर परेकाले तत्कालै बन्द गराउन स्थानीयले माग गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

# ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण



**खबर दर्पण समाचारदाता**
**पुस २७ गते, बर्दिवास**

शीतलहरको प्रकोप बढ्दै गएपछि बर्दिबासका ज्येष्ठ नागरिक तथा वञ्चितिकरणमा परेका समुदायलाई न्यानो कपडा वितरण गरिएको छ ।

गौशाला नगरपालिका-९ ले वडाका ४४३ जना ज्येष्ठ नागरिक, दलित, अपाङ्ग तथा एकल महिलालाई सिरक वितरणसहित न्यानो सम्मान गरेको वडाध्यक्ष बद्रिप्रसाद सिंह दनुवारले बताउनुभयो ।

वडा ९ को विषहरपुर गाँउस्थित वडा कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा ज्येष्ठ तथा विपन्न समुदायलाई सम्मान गर्नुका साथै वडाध्यक्ष दनुवार ले डबल साइजको सिरक वितरण गर्नुभएको हो।

महोत्तरीका दक्षिणवर्ति भेगमा साता दिनदेखि चलेको शीतलहर बाट विपन्न समुदाय प्रभावित हुँदै आएपनि संस्थागत रुपमा न्यानो कपडा वितरण गर्ने गौशालाको ९ नं वडा पहिलो हो ।

वडा सचिव उमाकान्त महतोले वडाको बजेटबाट कट्टा हुनेगरि प्रति सिरक एक हजार ५० रुपियाँको दरले ४ लाख ६५ हजार मूल्यबराबरको फाइवर सिरक वितरण गरेको जनाउनुभयो ।

सिरक पाएपछि शीतलहरबाट जोगिन राहत मिलेको गरिबी तथा विपन्न समुदायले जनाएका छन् । वडा नं ९ विषहरपुरका ७३ वर्षिय देवकरण सिंहले ५ जना नातिनातिनासहित ९ जनाको परिवारलाई जाडो अभिशाप बनेको बताउनुभयो । गरिबीका कारण आलोपालो परालको गुन्द्री ओढेर रात बिताउनु परेको उहाँले पीडा सुनाउनुभयो ।

“वडाले दुई चारजना ढाक्ने सीरक दिएपछि यसपालाको जाडोमा ज्यान जोगिने आशा पलाएको छ,“ उहाँले भन्नुभयो । वडाका विपन्न तथा वञ्चित समुदायको शिक्षा र स्वास्थ्य उपचारमासमेत वडा तहबाट योजनावद्ध ढङ्गमा सेवा दिँदै आएको वडाध्यक्ष सिंहले बताउनुभयो ।

# नेता पाठकले प्रजातन्त्र पुन:स्थापनाका लागि पुर्‍याएको योगदानको चर्चा

**खबर दर्पण समाचारदाता**
**पुस २७ गते, महेन्द्रनगर**

तत्कालीन पञ्चायत व्यवस्थाविरोधी आन्दोलनका अगुवा नेता सत्यनारायण पाठकको ३६औं स्मृति दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

बिहीबार सहिद सत्यनारायण पाठक प्रज्ञा-प्रतिष्ठान जनकपुरधामको आयोजनामा भएको कार्यक्रमका सहभागीले दलका नेताले प्रजातन्त्र पुन:स्थापनाका लागि नेता पाठकले पुर्‍याएको योगदानको चर्चा गर्नुभयो ।

कार्यक्रमका नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले स्व पाठकले प्रजातन्त्र पुनर्बहाली, नागरिक अधिकार र सामाजिक हितका क्षेत्रमा पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताउनुभयो । विसं २०४५ पुस २६ गते सार्वजनिक जग्गा अधिग्रहण गरी बस्ती बसाउने योजनाविरुद्धको आन्दोलनमा राज्य पक्षले पाठकको हत्या गरेको बताइएको छ ।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य मीनाक्षी झाले परिवर्तन र सार्वजनिक हितका लागि पाठकले पुर्‍याउनुभएको योगदानको स्मरण गर्नुभयो । कार्यक्रममा कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियार , जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साह, महन्थ नवलकिशोर बाबा (यादव) लगायतले आपसी सद्भाव, एकता र समन्वयका साथ क्रियाशील हुनसकेमा मात्रै सहिदको सपना हुने धारणा राख्नुभयो ।

सहिद सत्यनारायण पाठक प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष शुभचन्द्र मिश्रका अनुसार जनकपुरधामा सुरुदेखि नै भित्रभित्रै पञ्चायतविरोधी आन्दोलन भइरहेको थियो । कांग्रेसमा आस्थावान् नेता पाठक पनि सोही आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो । सोही कारण विसं २०४२ जेठ ६ गतेदेखि सुरुआत भएको सत्याग्रहमा क्रियाशील पाठकले गिरफ्तारी दिई नौ महिनासम्म जलेश्वर कारागारमा जीवन व्यतित गर्नुभयो । कारावासबाट फर्केको केही समय मात्रै भएकाले उहाँ तत्कालीन पञ्चायती सरकारको नजरमै हुनुहुन्थ्यो ।

यही बीचमा तत्कालीन जनकपुर नगर पञ्चायतद्वारा जनकपुर-७, ८ र १३ का करिब चार सय ८५ बिघा जग्गा अधिग्रहण गरेर बाहिर का उच्चपदस्थ नागरिकलाई बसोबास गराउनका निम्ति ‘आदर्श नगर’ बनाउने योजना बन्यो । यो योजनामा स्थानीय जनसमुदायको सहमति थिएन । तथापि तत्कालनी जनकपुरका अञ्चलाधीश सूर्यप्रसाद उपाध्याय, प्रमुख जिल्ला अधिकारी बाबुराम पौडेललगायतले सो निर्णय गरेको थियो ।

घटनाका विषयमा जानकार अभियन्ता प्रफुल्लराज घिमिरेले सो निर्णयविरुद्ध केही जग्गा धनीलगायत जनकपुरका अगुवा तत्कालीन आवास तथा भौतिक योजनामन्त्री डा. प्रकाशचन्द्र लोहनी कहाँ निर्णय फिर्ता लिन माग गर्दै ‘डेलिगेसन’मा जाँदा पनि कुनै समाधान ननिस्किएपछि आन्दोलन गर्नु परेको बताउनुहुन्छ। त्यो आन्दोलनको संयोजक हुनुहुन्थ्यो बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वअध्यक्ष दिगम्बर राय । रायले राससलाई भन्नुभयो, “छलफलबाट निष्कर्ष ननिस्किने र नापीका कर्मचारी तथा प्रहरी प्रशासनले जबर्जस्ती गर्न नरोकेपछि आन्दोलनको अवस्था बन्यो । विसं २०४५ पुस २२ गतेपछि धरपकड बढ्न थाल्यो । त्यही क्रममा पुस २३ गते मलाई गिरफ्तार गरियो । हामीले मुआब्जा दिएर अधिग्रहणको सहमति दिनेभन्दा पनि जबर्जस्ती गर्न थालेपछि पुस २६ गते ठूलो आदोलन भयो। त्यही आन्दोलनमा तत्कालीन प्रमुख जिल्ला अधिकारीले आफ्नै अङ्गरक्षकको पेस्तोल छिनेर गोली हान्दा पाठकको निधन हुनपुग्यो ।”

पिता रामचन्द्र पाठकका तीन छोरामध्येका कान्छा सुपुत्रका रुपमा विसं २०१५ मा धनुषा जिल्लाको बघचौरा गाविसमा पाठकको जन्म भएको थियो । हाल पाठकको सम्झनामा सहिद सत्यनारायण पाठक स्मृति प्रज्ञा-प्रतिष्ठान बनाएर उहाँको सम्झनामा विभिन्न कार्यक्रम हुने गरेका छन् । रासस

# पत्रकार महिला उमा सिंहको १५ औं स्मृति दिवस मनाइँयो

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, महेन्द्रनगर**



पत्रकार महिला उमा सिंहको हत्या भएको शुक्रवार १५ वर्ष पूरा भएको छ। उनको स्मृति दिवस पत्रकार संगठनले छुट्टाछुट्टै कार्यक्रम गरी शुक्रवार मनाइएको छ।

सहिद सिंहको १५ औं स्मृति दिवसको अवसरमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले साँझ साढे ५ बजे दीप प्रज्वलन कार्यक्रम आयोजन गरेको छ। नेपाल पत्रकार महासंघ धनुषा शाखाको सभाहलमा दीपप्रज्वलन कार्यक्रम आयोजना गरिएको शाखाकी अध्यक्ष मनिका झाले जानकारी दिइन्।

त्यसैगरी सहिद सिंहको १५ औं स्मृति दिवसको अवसरमा नगर पत्रकार सञ्जाल बर्दिवासले पनि फोटोमा माल्यार्पणगरी मनाएको छ। नगर पत्रकार सञ्जाल बर्दिवासको कार्यालयमा भएको माल्यार्पण कार्यक्रममा नगरका बिभिन्न मिडियामा कार्यरत पत्रकारको उपस्थित रहेको थियो।

वि.स. २०६५ पुस २७ गते आजकै राति जनकपुरको रेडियो टुडेमा कार्यरत २५ वर्षीया पत्रकार सिंहलाई जनकपुर नगर पालिका १४ रजौल स्थित डेरामा बसेको बेला अज्ञात समुहले धारिलो हतियार प्रहार गरि निर्ममतापूर्वक हत्या गरेका थिए।

पत्रकार सिंहका मुख्य हत्यारा स्वामी भनिने उमेश यादव लगायत केहिले धनुषा जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय आदेश भई महोत्तरीको जलेश्वर कारागारमा छन्। घट्नामा संलग्न अन्य केहि अझै कानुनी दायरमा आउन सकेका छैनन्।

# मटिहानी साक्षर बनाउने अभियानमा खटिए ६० विद्यार्थी

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**



साक्षर घोषणाको तयारीमा रहेको मटिहानी नगरपालिकाले नगर क्षेत्रका निरक्षरको तथ्यांक संकलन थालेको छ। पालिका भित्रका ६० जना विद्यार्थीलाई एक दिने सहजकर्ता अभिमुखिकरणको आयोजना गरी विद्यार्थीहरुलाई साक्षर नगर घोषणा अभियानमा सहभागी गराएको मटिहानी शिक्षा शाखा प्रमुख चन्देश्वर साहले जानकारी दिए।

नगरपालिका भित्रका ५ वटा माविमा अध्ययन गर्ने कक्षा ९ देखि १२ सम्मका ४२ जना छात्रा र १८ जना छात्रलाई पहिलो चरणमा निरक्षरको तथ्यांक संकलनका लागि आफ्नो आफ्नो टोल क्षेत्रको जिम्मेवारी दिइएको साहले बताए।

पालिकाले २०७८ सालमै मटिहानी साक्षर घोषणा गर्ने लक्ष्य लिएको भएपनि कोभिडका कारण काम हुन नसकेकाले यसवर्ष नगरलाई साक्षर घोषणा गर्ने योजना रहेको नगर पालिकाले जनाएको छ। तथ्यांक संकलन फारम, झोलासहित आवश्यक कागजपत्र विद्यार्थीलाई उपलब्ध गराएको र विद्यार्थीलाई तथ्यांक भर्ने तरिका पनि सिकाएको छ।

विद्यार्थीहरुले आफ्नो अनुकूल समयमा दिनको २ घण्टा उक्त फारम भरी पालिकामा १० दिनभित्र बुझाउने र त्यसपछि विद्यार्थीहरुले नै पालिकामा साक्षर कक्षा सञ्चालन गर्ने शाखा प्रमुख साहले बताए। साक्षर अभियानमा जोडेर काम सिक्ने राम्रो अवसर पालिकाले दिएको विद्यार्थीले बताएका छन्। काम गर्दाको पहिलो अनुभव बटुल्न निकै उत्साहित भएको राम मावि मटिहानीमा कक्षा १२ मा अध्ययनरत छात्रा ममता साहले बताइन्।

नगरप्रमुख हरि प्रसाद मण्डलले आवश्यक तयारी र निरक्षर रहेकाहरुलाई साक्षर बनाएर भएपनि नगरपालिकालाई यही वर्ष साक्षर घोषणा गर्ने कार्यक्रम रहेको बताए। पालिकाभित्र सबैले अक्षर चिन्ने र लेख्न सक्ने बनाउँनेगरि अभियान अघि बढिरहेको मेयर मण्डलले बताए। पालिकाको २ लाख र संघ सरकारको १० लाख बजेटबाट सबै तयारी सम्पन्न गरि साक्षर नगर घोषणा गर्ने नगरले जनाएको छ।

तथ्यांक संकलनपछि साक्षर कक्षा संचालन गर्न आवश्यक्ता अनुसार थप विद्यार्थीहरु जोड्ने र हरेक विद्यार्थीलाई ५ हजार रुपैँया प्रोत्साहन रकम उपलब्ध गराउने शिक्षा शाखा प्रमुख साहले बताए।

यसैवर्ष मटिहानीको पहिचान सहित धार्मिक, पौराणिक, एतिहासिक र सांस्कृतिक लगायतका विषय समेटेर मैथिली भाषामा कक्षा १ देखि ८ कक्षासम्मको पाठ्यक्रम पनि पालिकाले तयार पार्ने शिक्षा शाखा प्रमुख साहले जानकारी दिए।






R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

क्याप्टन मिलेर

शो समय १२-३, ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा